**बैठक संख्या : ६**

आज मिति २०८३।०१।२३ गतेका बिहान ८:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ४ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | अनुपस्थित |
| ५ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ६ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ७ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| ८ | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ९ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १० | रिचा सुनार | कार्यपलिका सदस्य | अनुपस्थित |
| ११ | सबिता महतो | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी देबी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | सीता सुबेदी | कार्यपालिका सदस्य | अनुपस्थित |
| १४ | बिना थापा | कार्यपालिका सदस्य | |
| १५ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | अनुपस्थित |
| १६ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १७ | जय नारायण ~~पौडेल~~ [illegible] | का.ब. वडाध्यक्ष-१ | |
| १८ | फागुराम महतो | का.ब. वडाध्यक्ष-२ | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

तारा कुमारी काजी महतो
नगर प्रमुख

CamScanner

# ७० औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१.** माडी नगरपालिकाको ६९ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं.२.** माडीबासी नागरिकले हाल प्रयोग गरी रहेको चितवन राष्ट्रिय निकुञ्ज भित्रको बनकट्टा धुब्र पोष्ट कसरा हुदै जगतपुरसम्मको एक मात्र सडक तत्काल धुलो रहित बनाउने प्रकृया अगाडी बढाउन संघीय  सरकार संग अनुरोध गर्ने ।

**निर्णय नं.३.** नगर प्रहरीको पोशाक सम्वन्धमा देहाय बमोजिमको हुने र न्युनतम तलव र रासन भत्ता माडी नगरपालिकाभित्र नेपाल सरकारले नेपाल प्रहरीको लागि तोके बमोजिम हुने । नवनियुक्त नगर प्रहरीको तालिम सञ्चालन पेश भए बमोजिमको पाठ्यक्रम अनुसार गर्ने ।

**देहाय**

मुख्य रङ्गः ओलिभ ग्रीन रङ्ग

पोशाकको प्रकारः चुस्ता, डाङ्ग्रे र बेल्ट

टोपीः सोही रङ्गको अगाडी चिन्ह वा नगर प्रहरी लेखिएको

जुत्ताः कालो बुट

**निर्णय नं.४.** माडी नगरपालिका वडा नं. ५ छरछरे खानेपानी टयाङ्की निर्माणको गर्नको लागि राधापुर कालिका मन्दिर जाने बाटो छेउमा पर्ने मैदानमा निर्माण गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ५.** डाग्रे खोलाले बर्षेनी गर्ने क्षती न्युनीकरणको लागि खोला घरान खोल्न लागत स्टिमेट बमोजिम विपद व्यवस्थापन कोष बाट खर्च लेख्ने गरी कार्य अगाडी बढाउने ।

**निर्णय नं. ६.** माडी नगरपालिकाको पहलमा सामुदायिक बन क्षेत्रभित्र बसोबास गरिरहेका परिवारहरुलाई नगर कार्यपालिकाको मिति २०७७/०२/०७ गतेको ४३ औं कार्यपालिका बैठकबाट परुई खोला छेउमा बसोबासको व्यवस्था मिलाउने निर्णय भए बमोजिमं नै चेपांग एकीकृत बस्ती निर्माण गर्न उपयुक्त देखिएको हुदा सहरी विकास तथा भवन कार्यालय हेटौडालाई सोही स्थानमा एकीकृत बस्ती निर्माणका लागि सिफारिस गरी पठाउने ।

**निर्णय नं. ७.** पाईप लाईनिङ्ग योजनाको तत्काल सम्झौता नभएकालाई सम्झौता गर्न र सम्झौता भई कार्य प्रारम्भ नगरेका योजना उपभोक्ता समितिलाई यथाशिघ्र कार्य शुरुवात गर्न सूचना प्रकाशन गर्ने । सात दिन भित्र कार्य प्रारम्भ नगरेमा अन्य स्थानमा पाईप लाईनिङ्गका लागि प्रस्ताव आव्हान गर्ने ।

**निर्णय नं. ८.** "सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधी, २०८३" स्विकृत गर्ने ।

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर चितवन
बागमती प्रदेश नेपाल

तारा कुमारी काजी महतो
नगर प्रमुख

**निर्णय नं.९.** दलित समुदाय लक्षित आय आर्जन तथा जिविकोपार्जन कार्यक्रम अन्तर्गत वडा नं २ मा चप्पल बनाउने उद्यम सम्वन्धमा निर्णय भए अनुसार सो कार्यक्रम सञ्चालन गर्न नसकिएको हुदा वडा नं ५ मा वारिष्ता तालिम कार्यक्रम सञ्चालन गर्ने र वडा नं. ७ मा सञ्चालन गरिने पञ्चे बाजा तालिममा सहभागी संख्या १० जना मात्र भएको हुदा वडा नं. ८ बाट ८ जना र वडा नं. ५ बाट ७ जना गरी जम्मा २५ जनाको समुह निर्माण गरी सञ्चालन गर्ने ।

नगर कार्यपालिकाको कार्यालय
कालिका नगरपालिका
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख